
# लेखापरीक्षण प्रतिवेदन

# पर्सागढी नगरपालिका, पर्सा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## पर्सागढी नगरपालिका, पर्सा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/230

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुख ज्यू,
पर्सागढी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
पर्सा।

**कैफियतसहितको राय।**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान ( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

1= नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड ४४ लाख २६ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रु.१० लाख ७० हजार, र गरीवसंग विश्वेश्वर कार्यक्रम तर्फ रु. ३ लाख ५५ हजार गरी जम्मा रु.१२ करोड ५८ लाख ५१ हजार समावेश गरेको छैन।

2= नगरपालिकाको लागिसंघीय सरकारबाट ससर्त अनुदान रू.१९ करोड ३४ लाख ३८ हजार, समपूरक अनुदान रू.१ करोड र विशेष अनुदान रू.८० लाख समेत रू.२१करोड १४ लाख ३८ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. ४ करोड ४४ लाख २९ हजार बचत रहेको छ । उक्त रकम आर्थिक वर्ष भित्रै सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ ।

3= नगरपालिकाको लागि प्रदेश सरकारबाट विशेष अनुदान रू.३० लाख प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.३६ हजार ५९७ बचत रहेको छ । उक्त रकम आर्थिक वर्ष भित्र प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ ।

4=पर्सागढी नगरपालिकाको रू.८८ करोड १४ लाख ८७ हजार लेखापरीक्षण गरिएकोमा रू. १ करोड ७७ लाख ९७ हजार प्रारम्भिक बेरुजू देखिएको छ। सो सम्बन्धमा रू.१ करोड २२ लाख २४ हजारको प्रतिक्रिया प्राप्त

भएकोमा सो उपर कारबाही हुँदा प्रतिक्रियाबाट थप बेरुजु रकम रू.१९ लाख ९७ हजार कायम भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ८ लाख ३४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३४ लाख ७ हजार, नियमित गर्नुपर्ने रु.३ लाख ९१ हजार र पेस्की बाँकी रु.९ लाख ४२ हजार समेत यस बर्ष रू. ७५ लाख ७० हजार बेरुजु कायम रहेको छ। पालिकाको गत वर्षसम्म रु.२९ करोड ६४ लाख ९५ हजार बेरुजू बाँकी रहेकोमा यस बर्ष कुनै पनि सम्परीक्षण प्राप्त नभइ हालसम्मको अद्यावधिक बेरुजू रु.३० करोड ४० लाख ६५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

**5=** नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ३९ | २० | १७७९७२९० | ० | १ | १२२२३७१५ | १९९६८३३ | ३९ | १९ | ७५७०४०८ | ८३३७६१ | ३९११७४ | ३४०७०४१ | ० | ० | ३७९८२१५ | ९४१६०० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्सा | २९६४९५००० | 0 | ० | २९६४९५००० | ० | ७५७०४०८ | ३०४०६५४०८ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | वित्तीय प्रतिवेदन | घटि जिम्मेवारी सारेको | १२२२३७१४.५१ |

# (८०२२२४०१३०० - पर्सागढी नगरपालिका, पर्सा )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस पर्सागढी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्वेश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ९९.६९ वर्ग कि मी क्षेत्रफल र करिव ३८०४७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्वेश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।९। २५ देखि २०८१ ।९।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १०९६२८ असुल भइ दाखिला भएको प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | ने रा मा वि वडेर्वाको छात्रवृति वापतको रकम | ५५२०० |
| २ | उषा कुमारी गौरोको ग्रेड वापतको रकम | १४२६१ |
| ३ | पर्सागढी मन्दिर देखि झोलुङ्गे पुल जाने सडक मर्मत संभार उ.स | ४०१६७ |
| | | १०९६२८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नाअनुसार देखिएको छः

| प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणीनं | चालुआ.ब.को कारोबार | | | गतआ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १२०७९७७२८.४१ | ० | १२०७९७७२८.४१ | १२१६२५४४३.४१ | ० | १२१६२५४ |
| १३००० | अनुदान | | २९५९७०९५१.६७ | ० | २९५९७०९५१.६७ | ३२०५९४२८७.६४ | ० | ३२०५९४२ |
| १४००० | अन्य राजस्व | | ४४८२०३५.६७ | ० | ४४८२०३५.६७ | ८४३२३२०. | ० | ८४३ |
| १५००० | विविध प्राप्ति | | २०५५००. | ० | २०५५००. | ० | ० | |
| क | **कुल जम्मा प्राप्ति** | | ४२१४५६२१५.७५ | | ४२१४५६२१५.७५ | ४५०६५२०५१.०५ | | ४५०६५२० |
| ३ | चालु | | २७७४१५२८०.२४ | ० | २७७४१५२८०.२४ | ३४७०७४६०७.९५ | ० | ३४७०७४६ |
| २१००० | पारिश्रमिक / सुविधा | | १४६२२४५४१.१५ | ० | १४६२२४५४१.१५ | १३९८५७३६७.२५ | ० | १३९८५७३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १२७७५८६४८.०९ | ० | १२७७५८६४८.०९ | १६३२९५७५४.६ | ० | १६३२९५ |
| २५००० | सहायता (Subsidy) | | ० | ० | ० | ४००००० | ० | ४० |
| २७००० | सामाजिक सुरक्षा | | ० | ० | ० | ३०१८६२३.१ | ० | ३०१८ |
| २८००० | अन्य खर्च | | ३४३२०९१. | ० | ३४३२०९१. | ४०५०२८६३. | ० | ४०५० |
| ४ | **पूंजीगत** | | १५८७७४५०१. | ० | १५८७७४५०१. | १९९१००६५८.८ | ० | १९९१०० |
| ३१११० | भवन तथा संरचना | | ६९२७५१. | ० | ६९२७५१. | २३८७४७७२. | ० | २३८७ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ५९४३६६१. | ० | ५९४३६६१. | २२१७९५९९. | ० | २२१ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० | १४८६७९७. | ० | १४८ |
| ३११५० | सार्वजनिक निर्माण | | १५२१३८०८९. | ० | १५२१३८०८९. | १५१५५९४९०.८ | ० | १५१५५ |
| ख) | **कुल जम्मा भुक्तानी** | | ४३६१८९७८१.२४ | | ४३६१८९७८१.२४ | ५४६१७५२६६.७५ | | ५४६१७५२ |
| ग) | **बचत / कमी (ग = क-ख )** | | (१४७३३५६५.४९) | | (१४७३३५६५.४९) | (९५५२३२१५.७) | | (९५५२३ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | | (८३४५३२५.९४) | | (८३४५३२५.९४) | ६४७६४८८.४९ | | ६४७६४ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | (६९३९७७) | | (६९३९७७) | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | | (२३०७८८९१.४३) | | (२३०७८८९१.४३) | (८९०४६७२७.२१) | | (८९०४६७ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५६९६७८१९.५८ | | ५६९६७८१९.५८ | १४६०१४५४६.७९ | | १४६०१४५ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३३८८८९२८.१५ | | ३३८८८९२८.१५ | ५६९६७८१९.५८ | | ५६९६७८ |

२.१ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२४४२५८७४, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रु.१०७०००० र गरीवसंग विश्वेश्वर कार्यक्रम तर्फ रु.३५५००० गरी जम्मा रु.१२५८५०८७४ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.२

**फरक हिसाब :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. १९९६८३३ यस वर्षको प्राप्ती रु. १२५४९०५७९ यस वर्षको भुक्तानी रु. १२४७९८८७४ र बैङ्क मौज्दात रु. २६८८५३८ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।साथै सुत्रबाट सिर्जित म.ले.प.फा.नं.२७० को गत आ.व. को अल्या संग यस आ.व. को प्राप्तिको जोड संग यस आ.व. को भुक्तानी ( बिनियोजन राजश्व र धरौटी सहित) घटाउँदा बैंक मौजदात संग बराबर हुनपर्नेमा सो बराबर भएको छैन।यकीन गरी कारण पत्ता लगाउनु पर्दछ।

| विवरण | गतवर्षकोजिम्मेवारी | यसवर्षकोप्राप्ति | यसवर्षकोभुक्तानी | बैङ्कमौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७०) | ५६९६७८२० | ४३४४६५९५७ | ४४७०२०७३७ | ४४४१३०३९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५८९६४६५३ | ५५९९५६५३६ | ५७१८१९६११ | ४७१०१५७७ |
| फरक | (१९९६८३३) | (१२५४९०५७९) | (१२४७९८८७४) | (२६८८५३८) |

२.३ (undefined/):

**फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ५८९६४६५२.६७ मौज्दात रहेकोमा म.ले.प.फा.नं.२७० (प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिबेदन) अनुसारको मौज्दात रु. ५६९६७८१९.५८ देखिन्छ। पालिकाले यस आ.व. मा म.ले.प.फा.नं.२७० अनुसारकै रु. ५६९६७८१९.५८ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १९९६८३३ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,२२३,७१४.५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२.४ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार रु ४७०७११ फरक परेको छ:

| खाताको प्रकार / बैंकको नाम (खाता नं) | खाताअनुसार बाकी रु | बैंकअनुसार बाकी रु | फरक | कैफियत |
|---|---|---|---|---|
| ग१.१ - आन्तरिक राजस्व खाता / सानिमा बैंक लि.,०६३०१००४००००००५ | ४१७६१५ | ३६३८६३० | ३२२१०१६ | बैंक बढीभएको |
| ग१.३ - आन्तरिक अनुदान खाता / सानिमा बैंक लि.,०६३०१००४००००००६० | ७४३५१६२ | ७४३५१६२ | ० | |
| ग२.१ - चालू खर्च खाता- विजोर वर्ष / सानिमा बैंक लि.,०६३०१००२००००००५ | २१६८६४८ | ३५३०१६० | १३६१५१२ | बैंक बढीभएको |
| ग२.३ - पूँजिगत खर्च खाता- विजोर वर्ष / सानिमा बैंक लि.,०६३०१००२००००००६ | ६३८०३९४ | १०६४०२१२ | ४२५९८१८ | बैंक बढीभएको |
| ग२.७ - विविध खर्च खाता / सानिमा बैंक लि.,०६३०१००४००००००७ | ५४६०७३ | ५५६२६४ | १०१९१ | बैंक बढीभएको |
| ग३.१ - स्थानीय तह धरौटी खाता / सानिमा बैंक लि.,०६३०१००२००००००३ | १३४५२४२१ | १३४५२४२१ | ० | |
| ग४.१ - स्थानीय तह सञ्चित कोष खाता / सानिमा बैंक लि.,०६३०१००२००००००४ | १३८८३२४९ | ५८०४१०८ | ८०७९१४१ | खाता बढी |
| ग६.१ - स्थानीय तह विभाज्य कोष खाता / सानिमा बैंक लि.,०६३०१००४००००००६ | २३४७३०५ | २०४४६२० | ३०२६८५ | खाता बढी |
| जम्मा | ४६६३०८६७ | ४७१०१५७७ | ४७०७११ | |

आन्तरिक राजस्व खाता, चालू खर्च खाता, पूँजिगत खर्च खाता, विविध खर्च खाता, स्थानीय तह सञ्चित कोष खाता, स्थानीय तह विभाज्य कोष खाताको श्रेष्ता र बैंकबीच रकम फरक पर्न गएको देखिन्छ ।अत: मौज्दात फरक हुनुको कारण पत्ता लगाई पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.५ **सञ्चित कोषमा स्थानान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा खाता अनुसार रु.४१७६१५ र बैंक अनुसार रु. ३६३८६३० ,आन्तरिक अनुदान खातामा श्रेस्ता अनुसार रु.७४३५१६२ चालु खर्च खाता विजोर बर्ष मा श्रेस्ता अनुसार रु.२१६८६४८ र बैंक अनुसार रु.३५३०१६०, पूजीगत खर्च खाता बिजोर बर्ष मा श्रेस्ता अनुसार रु.६३८०३९४ र बैंक अनुसार रु.१०६४०२१२, तथा विभाज्य कोष खातामा श्रेष्ता अनुसार रु. २३४७३०५ र बैंक अनुसार रु. २०४४६२० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सम्बन्धित सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **कर दायित्व :** आयकर ऐन २०५८ वमोजिम विभिन्न भुक्तानीमा लाग्ने कर कट्टा गरी दाखिला गर्नु पर्ने व्यवस्था छ।पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ६९३९७७ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९३,९७७ |

३ **बजेट तथा कार्यक्रम (स्थानीय तह)**

३.१ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.२ **बजेट पेश, पारित र अख्तियारी:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले मिति २०८०।०३।१० गते रु ५८ करोड ३७ लाख ३३ हजार २०२ बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०५।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।तसर्थ कानुनमा तोकिएको म्याद भित्रै अख्तियारी प्रदान गर्ने व्यवस्था गर्नु पर्दछ।

३.३ मध्यकालिन संरचना र रकमान्तर ट यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत पालिकाको विशेष नगरसभाको निर्णयबाट रु.३ करोड २७ लाख ९४ हजार ५६९ रकमान्तर गरेको छ। रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

३.४ **लक्ष्य प्रगति** : पालिकाले चौमासिक र बार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने ब्यवस्था मिलाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगत ि** | **शुन्य देखी २५प्रतिशत सम्म** | **२५ देखी ५० प्रतिशत सम्म** | **५० देखी ७५ प्रतिशत सम्म** | *७५ प्रतिशत भन्दा माथि* |
| **कार्यक्रम संख्या** | १९५ | ६९ | ० | २ | ५ | ११९ |

**योजनाको प्राथमिकीकरण :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत ११५ र पालिकास्तरका ८० गरी कुल १९५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ८० | १४ | २१ | ४५ |
| २. | वडास्तरीय | ११५ | १ | ३० | ८४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १२६ योजनामात्र कार्यान्वयन भई ६९ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३.५ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत | १५८७७४५०१ | १०७८९५९१ | २१२१३६८५ | ४०८४८३७१ | ८५९२२८५४ | ४८२२१०९१ |
| | **प्रतिशत** | १०० | ७ | १३ | २६ | ५४ | ३० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १५८७७४५०१ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१०७८९५९१ अर्थात ७ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. २१२१३६८५ अर्थात १३ प्रतिशत र तेश्रो त्रैमासिकमा रु.४०८४८३७१ अर्थात २६ प्रतिशत र चौथो त्रैमासिकमा रु ७९८४८३९१.३५ अर्थात ५४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४८२२१०९१ अर्थात ३० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

३.६ **क्षेत्रगत बजेट तथा खर्च :** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।लक्ष्य अनुसार खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ३२३७४०००. | १७४८४४२९. | ५४.०१ |
| २ | सामाजिकविकास | २१७७९५२९५. | १७०८७२०२७.६७ | ७८.४५ |
| ३ | पूर्वाधारविकास | २०२३७२७०६. | १४१३०७३५३. | ६९.८३ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ५२०००००. | ३७००५४७. | ७१.१६ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १२५९९१२०१. | १०२८२५४२४.५७ | ८१.६१ |
| कुलजम्मा | | ५८३७३३२०२. | ४३६१८९७८१.२४ | |

३.७ **गत विगतको भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व समेत बजेटमा समावेश गरी रु. २९२३३६९२।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | खर्च |
|---|---|
| गत आ व को भुक्तानि वाकी चेक साटन वाकी अन्यदायित्व वाकि तथा दाखिला वाकि | १६५९४३२९ |
| गत आ व को भुक्तानि वाकी पुजिगत तर्फ | १२६३९३६३ |
| जम्मा | २९२३३६९२ |

३.८ **खर्च विश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आय रु.१ करोड ४७ लाख ९८ हजार ६२७, राजस्व बाँडफाँड रु. १० करोड ९९ लाख ५० हजार ४७७ र अनुदानबाट रु.२८ करोड ८५ लाख ३५ हजार ७८९ समेत रु.४१ करोड ३२ लाख ८४ हजार ४६० आम्दानी भएकोमा चालुतर्फ रु.२७ करोड ७४ लाख १५ हजार २८० र पूँजिगततर्फ रु.१५ करोड ८७ लाख ७४ हजार ५०१ गरी जम्मा रु.४३ करोड ६१ लाख ८९ हजार ७८१ खर्च भएको छ।यस आ.व. मा आम्दानी भन्दा रु. २ करोड २९ लाख ५ हजार ३२१ बढी खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.४० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमको तुलनामा चालु ६७.७१ प्रतिशत र पूँजिगत ३८.४२ प्रतिशत मात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ४ संगठन तथा कर्मचारी व्यवस्थापन

**तलवी प्रतिवेदन:** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७६/७७, च.नं. १८०,को पत्रबाट स्थानीय तहका कर्मचारी तथा संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीहरुको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगरी पालिकाका स्थायी कर्मचारीको रु. १ करोड ७ लाख ९८ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## ५ जिन्सी निरीक्षण:

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा कम्तिमा वर्षमा १ पटक कार्यालय प्रमुख आफैले वा जिन्सी शाखाको जिम्मा लिने बाहेक अन्य कर्मचारीलाई जिन्सी निरीक्षण गर्न लगाई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले जिन्सी निरीक्षण गरि मर्मत गर्नुपर्ने, लिलाम विक्री गर्नु पर्ने तथा मिन्हा गर्नुपर्ने भनि जिन्सी समानको पहिचान गरेको देखिन्छ तर लिलाम विक्रीको कार्बाही अगाडी बढाएको पाइएन। तोकिए अनुसार पुराना सामानहरूको मर्मत वा लिलाम गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

६ **आन्तरिक नियन्त्रण:**

६.१ **आन्तरिक लेखापरीक्षण :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६.२ **विविध खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च वापत रु. ५ लाख ९७ हजार खर्च गरेको छ । विभिन्न समयमा खाना खाजामा खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन ।विविध खर्चबाट खाजा खानाका साथै सडक बत्ती मर्मत, सानातिना कार्यालय सम्बन्धी खर्च, तथा डोर हाजिरीमा कार्य गरेबापत पारिश्रमिक लगायतका भुक्तानी दिइएको छ। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ ।केही उदाहरणहरु:

| गो भौ र मिति | विवरण | खर्चलेखेको शिर्षक | भुक्तानीपाउने | रकम | कैफीयत |
|---|---|---|---|---|---|
| ३७-२०८०/०६/१९ | खाजाखाना | विविध खर्च | गौतम होटल | ७७२९ | प्रयोजन नखुलेको |
| ३८५-२०८०/११/१३ | सास्कृतिक कार्यक्रममा आर्थिक सहयोग | विविध खर्च | कुसुमकुमारी दास | ९३०८२ | आर्थिक सहयोग विविध खर्चबाट भुक्तानी |
| ५२५-२०८१/०२/१६ | सरसफाइ खर्च खुला दिशामुक्त क्षेत्रमा हेरालु खर्च | विविध खर्च | श्रीराममाझी | ६२९३७ | खुला दिशामुक्त क्षेत्रमा हेरालु को कार्य गरेको |
| ५२५-२०८१/०२/१६ | खाजा खाना | विविध खर्च | टुकराजपोखरेल | ३१५१७ | प्रयोजन नखुलेको |
| ७२८-२०८१/०३/२४ | सडक बत्ती जडान | विविध खर्च | उतिर्णासप्लायर्स | ४०२०३४ | विभिन्न वडामा ३० वाट को बत्ती जडान |
| | | | | ५९७२९९ | |

६.३ **भ्रमण अभिलेख एवं प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार भ्रमण खर्चबाट रु.११ लाख ५६ हजार र अनुगमन मूल्याङ्कनबाट रु. ५ लाख खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन साथै भ्रमण/अनुगमन प्रतिबेदन बेगर खर्च लेखेको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नु पर्दछ ।

६.४ **ईन्धन खर्च विश्लेषणः** प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम पदाधिकारी, कर्मचारी र मधेश प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका

पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधालाइ ब्यवस्थित गर्न बनेको ऐनको दफा ४ र अनुसूची बमोजिम पदाधिकारीले कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारी साधन मेसिन प्रयोगको लगवुक राखे व्यवस्था छ। पालिकाले व्यवस्थित तरिकाले लगवुक राखेको देखिदैन। पालिकासँग भएका चारपाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनमा १२ महिनामा उल्लेखित सुविधा तथा नर्म्स अनुसार रु.१८ लाख ०८ हजार ४०० खर्च हुनुपर्ने देखिन्छ। पालिकाले इन्धन कार्यालय प्रयोजनमा रु ४९ लाख ६५ हजार ६६७ खर्च लेखेको छ। पालिकाले मापदण्ड भन्दा रु. ३१ लाख ५७ हजार २६७ बढी खर्च लेखेको छ। मापदण्डले तोके बमोजिम इन्धन खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

| विवरण | ईन्धनकोप्रकार | मापदण्डअनुसार | बार्षिकखर्च | औषत दर |
|---|---|---|---|---|
| कार्यालय प्रयोजन | डिजेल २००लि | ४२०० | १६० | ६७२००० |
| | पेट्रोल १५० लि | | | |
| नगरप्रमुखले पाउने सुविधा | १२५ लि | १५०० | १६० | २४०००० |
| नगरउप प्रमुखले पाउने सुविधा | १२५ लि | १५०० | १६० | २४०००० |
| वडाअध्यक्षले पाउने | ३५ लि | ११३४० | ० | ० |
| मोविल तथा अन्य् प्रमुख उपप्रमुखले पाउने | प्रति ४महिनामा १० लि | ६० | ७०० | ४२००० |
| मोविल तथा अन्य वडा अध्यक्षले पाउने | प्रति ४महिनामा २ लि | १६२ | ० | ० |
| प्रतिमहिना ५ लि इन्धन पाउने कर्मचारी ४२ जना | | २५२० | १६० | ४०३२०० |
| प्रतिमहिना १० लि इन्धन पाउने कर्मचारी ११ जना | | १३२० | १६० | २११२०० |
| बारुणयन्त्र | आवश्यकताअनुसार | उपलब्ध हुनसकेन | | ० |
| एम्बुलेन्स | आवश्यकताअनुसार | उपलब्ध हुनसकेन | | ० |
| सरसफाइकासाधन | आवश्यकताअनुसार | उपलब्ध हुनसकेन | | ० |
| जम्मा हुनुपर्ने रकम | | | | १८०८४०० |
| सुत्रअनुसारको खर्च | | | | ४९६५६६७ |
| मापदण्ड विपरीत खर्च | | | | ३१५७२६७ |

६.५ **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रमको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाईमात्र श्रेस्तासाथ राख्ने गरेको,
- उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने नगरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन ।,
- यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता आंशिक मात्र तयार गरेको पाइयो,
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार एक वर्ष भन्दा बढी समय लाग्ने र रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तथा नियम ८ अनुसार बार्षिक १० लाख भन्दा बढीको खरिद गर्नुपर्नेमा खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले पुँजीगत तर्फ रु.१४ करोड १५ लाख २९ हजार, मसलन्द तथा कार्यालय सामग्रीमा रु. ३९ लाख ११ हजार लगायतका शीर्षकमा खरिद गरेकोमा खरिद योजना र खरिद गुरुयोजना तयार नगरी प्रतिस्पर्धात्मक विधि समेत नअपनाई सोझै खरिद कार्य गरेको छ,
- पालिकाबाट सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रम सीप विकास तालिम लगायका कक्षाहरुमा श्रोत व्यक्तिलाई प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा सबैमा कार्यपत्र समावेश छैन भने विभिन्न कार्यक्रमहरुको अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत आंशिक रुपमा राख्ने गरेको पाइयो ।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEM IS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **कानुन निर्माण र न्याय सम्पादनको स्थिति:**

७.१ **कानून कार्यान्वयन स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, २ वटा नियमावली, १० कार्यविधि, निर्देशिका ५ गरी ३० वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ र ३० वटा कानुन राजपत्रमा प्रकाशन भएका छन् ।

७.२ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ६ र यो बर्ष थप भएको १० गरी कुल १६ विवाद दर्ता भएकोमा १३ वटा मात्र फर्स्यौट भएको र ३ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८ **चालु आ.व.को पेस्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की गत आर्थिक वर्षको समेत फर्स्यौट नभई रु. ३४४१६०० बाँकी रहेको देखिन्छ।जस मध्ये आ.व.२०८०।८१ को म्याद समाप्त भएको फर्स्यौट गर्न बाँकी रु.

| पेश्कीलिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | खर्च उपशिर्षक | चालुआ. व. म्याद नाघेको | |
|---|---|---|---|---|---|---|---|
| १६/०२/२०८१ | ५२४ | भ्रमणखर्च | पुजाचौधरी | उपप्रमुख | २२६१२ | १३६०० | |
| ०३/०७/२०८० | ९१ | खेलकुदप्रबर्द्धन सामग्री खरिद तथा वितरण(बिधालय र बाल क्लब ) | प्रदिपकुमार चौरसिया | | २२५२२ | ५३००० | |
| ०३/०७/२०८० | ९१ | विभिन्नचाडपर्व तथा संस्कृति संरक्षण प्रबर्द्धन कार्यक्रम | प्रदिपकुमार चौरसिया | | २२५२२ | १००००० | |
| ०१/०८/२०८० | १३९ | खेलकुदप्रबर्द्धन सामग्री खरिद तथा वितरण(बिधालय र बाल क्लब ) | प्रदिपकुमार चौरसिया | | २२५२२ | ५०००० | |
| ०१/०८/२०८० | १३९ | विभिन्नचाडपर्व तथा संस्कृति संरक्षण प्रबर्द्धन कार्यक्रम | प्रदिपकुमार चौरसिया | | २२५२२ | ३००००० | |
| ०१/०८/२०८० | १३९ | विविधखर्च | प्रदिपकुमार चौरसिया | | २२७११ | १९०००० | |
| २६/०६/२०८० | १८ | जनतारोडवगवाना देखि छतिवनटाडि जाने वाटोमा कालोपत्रे २ न् | ॐसाई । रितेश जे.भी. | | ३११५९ | २५००००० | |
| १७/०२/२०८१ | ५३५ | अध्ययनअबलोकन महिला भ्रमण कार्यक्रम | राजेश्वरप्रसाद गौरो | | २२६१२ | २३५००० | |
| जम्मा | | | | | | ३४४१६०० | |

(जसमध्ये ॐ साइ रितेश जे भी ले जनता रोड देखि छतिवन टाँडी जाने बाटोमा कालोपत्रे सडक योजनाको २०८० असार मसान्त सम्म मात्र पेश्की म्याद रहेकोमा उक्त योजनाको म्याद थप भई मिति २०८१/११/ २९ (march 13 2025) सम्मको रु २५००००० को कृषि बिकास बैंकको कार्य सम्पादन जमानत समेत पेश भएकोले सो पेश्कीलाई लगती गरिएको छैन)

| पेश्की | ९,४१,६०० |
|---|---|

९ **अमानतबाट निर्माण/मर्मतः**

सार्वजनिक खरिद ऐन,२०६३ र नियमावलीमा आकस्मिक कार्य परेको खण्डमा एक लाख सम्मको निर्माण तथा मर्मत कार्य अमानतबाट गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष देहायअनुसारको नियमित प्रकृतीको निर्माण तथा मर्मत कार्य अमानतबाट गराएको देखियो । देहायअनुसारको बिभिन्न गोश्वारा भौचरबाट जम्मा रु.१२,६१,४६३।- को माटो पुरी ग्रावेल, रँगरोगन, माटो पुर्ने लगायतको कार्य गरी पालिकाको कर्मचारीलाई भुक्तानी गरेको छ । पालिकाले यस्तो नियमित प्रकृतीको निर्माण कार्य तथा मर्मत कार्य गर्दा टुक्रा टुक्रा पारी अमानतबाट कार्य गराएकोले प्रतिस्पर्धी तवरले यस्तो निर्माण कार्य भएको देखिएन । तसर्थ पालिकाले निर्माण कार्य गर्दा मितव्ययीता र प्रतिस्पर्धा कायम गरी खरिद गर्नु पर्दछ ।

| गो.भौ. | निर्माण कार्य | भुक्तानी प्राप्त गर्ने | भुक्तानी रकम |
|---|---|---|---|
| १९/०८०-६-२९ | माटो पुरी ग्राबेल | अशोक महतो थारु | ९९९१४ |
| २०/०८०-६-२९ | माटो पुरी ग्राबेल | टुकराज पोखरेल | ७१९४८ |
| २२/०८०-६-३० | माटो पुरी ग्राबेल | उपेन्द्र दास | ४९५९३ |
| ३०/०८०-७-२४ | व्रह्मबाबा मन्दिर तारवार | जयचन्द्र चौरसिया | ९९८१७ |
| ९२/०८०-११-१७ | माटो पुरी ग्राबेल | रिमा कुमारी | ४८१५७ |
| १३५/०८१-२-१६ | बाटो मर्मत | प्रदिप कुमार चौरसिया | ९५६९४ |
| १५४/०८१-२-३१ | बाटो मर्मत | शम्भु पण्डित | ५०००० |
| १८१/०८१-३-१८ | नाला सरसफाई-माटो खन्ने | सुरेन्द्र प्रसाद महतो | ९२४०० |
| १७०/०८१-३-१६ | चापाकल जडान | संजित कुमार साह | ७७२९३ |
| १९९/०८१-३-२३ | चौतारा निर्माण | रामपृत हजार दुसाद | ५०००० |
| २०३/०८१-३-२३ | प्रवेशद्वार रँगरोगन | संजय पंजियार | १९३५० |
| २१५/०८१-३-२३ | माटो पुर्ने | संजित कुमार साह | २००००० |
| २३१/०८१-३-२४ | शिव मन्दिर मर्मत | उपेन्द्र कुमार राम | ८०७७१ |
| २३१/०८१-३-२४ | शिव मन्दिर मर्मत | उपेन्द्र कुमार राम | ८०७७१ |
| २४३/०८१-३-२४ | नाला खन्ने मर्मत गर्ने | राज कुमार खवास | ९६१२५ |
| २४४/०८१-३-२४ | मन्दिर मर्मत रँगरोगन | कुसुम कुमारी दास | ४९६३० |
|  |  | जम्मा | १२६१४६३।- |

१० **प्रमाण पेश गर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले देहायअनुसारको उपभोक्ता समिति/निर्माण व्यवसायीलाई PS Items को भुक्तानी गरेकोमा सोको बिल भरपाई/डिटेल नापी संलग्न देखिएन । तसर्थ बिल भरपाई/डिटेल नापी बेगर भुक्तानी भएकोले सोको बिल भरपाई,डिटेल नापी पेश गर्ने अन्यथा सम्बन्धित उपभोक्ता समिति/निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| गो.भौ./मिति | योजनाको नाम | भुक्तानी प्राप्त गर्ने | कार्य विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २७/०८०-७-१२ | फुलवरीया विद्यालय भवन निर्माण | उ.स.अध्यक्ष हरिचन्द्र दास लगायत ९ सदस्य | ल्याब टेष्ट | २८४८ | रिपोर्ट र बिल नरहेको |
| | | | सुचना पाटी | ३००० | बिल र फोटो नरहेको |
| | | | ईलेक्ट्रिक वाईरिङ्ग | ५००० | बिल भरपाई नरहेको |
| ८८/०८०-११-१४ | वडेर्वा गाँउको मुल बाटो ढलान/नाला निर्माण उ.स. | | सुचना पाटी | २५०० | बिल र फोटो नरहेको |
| | | | ल्याब टेष्ट | ५००० | बिल र रिपोर्ट नरहेको |
| ९५/०८०-११-२२ | बाटो ढलान | जोनम कन्स्ट्रक्सन | सुचना पाटी | २००० | बिल र फोटो नरहेको |
| ९९/०८०-११-२९ | बाटो निर्माण | अनुज कन्स्ट्रक्सन | सुचना पाटी | २००० | बिल र फोटो नरहेको |
| २१२/०८१-३-२३ | वडा नं.३को नाला निर्माण | पर्सा गुरुङ्ग कन्स्ट्रक्सन | सुचना पाटी | २००० | बिल र फोटो नरहेको |
| | | | जम्मा | २४३४८ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,३४८ |

११ **बिल भरपाई बेगर भुक्तानीः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्नु पर्ने र नियम १०(२) मा स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालयको १ तल्ला २ कोठा अधुरो भवन निर्माणका लागि रु.३२३७९५१.६० को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग मिति २०८१-३-७ मा सम्झौता गरेको छ । निर्माण कार्यको रु.३२३२७२०.६९ को मुल्यांकन गरी पालिकाले गो.भौ.२/०८१-३-२४ बाट रु.२९,०५,२९८।- भुक्तानी गरेको छ। यस्तो भुक्तानीमा पालिकाले Hoarding Board बापत रु.२५००।- र Electric Wiring Work बापत रु.२०,०००।- भुक्तानी गरेकोमा सोको बिल भरपाई, डिटेल नापी संलग्न गरेको देखिएन । तसर्थ पालिकाले भुक्तानी बराबरको बिल भरपाई पेश,डिटेल नापी गर्नुपर्ने अन्यथा उपभोक्ता समितिबाट यस्तो बिल भरपाई बेगरको भुक्तानी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,५०० |

१२ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्नु पर्ने र नियम १०(२) मा स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले तिलाबे नदीमा झोलुङ्गे पुल निर्माण कार्यका लागि जम्मा रु.४६,६१,९२०।३४ को लागत अनुमानमा २% उपभोक्ता, ६% पालिका र ९२% नेपाल सरकारले व्यहोर्ने DPR मा उल्लेख गरेको छ । सोही अनुसार पालिकाले उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा यस वर्ष दोस्रो रनिङ्ग बिलको भुक्तानीमा मुल्यांकन जम्मा रु.५९७७७५.३५ को ९२% ले हुने रु.५४९९५३.३२

मात्र संघीय सरकारबाट भुक्तानी गर्नु पर्नेमा गो.भौ.नं.२०/०८०-३-२ बाट रु.५७२,६६८।- भुक्तानी गरेको छ। पालिकाले व्यहोर्ने अंश समेत संघिय सर्शत अनुदानबाट भुक्तानी गरेकोले यस्तो बढी भुक्तानी रु.२२,७१४.६७ पालिकाले संघिय संचितकोषमा फिर्ता दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,७१४.६७ |

१३ **बिल भरपाई बेगर भुक्तानीः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्नु पर्ने र नियम १०(२) मा स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले अधुरो वडा कार्यालय निर्माणका लागि १८ लाख विनियोजन गरी उपभोक्ता समितिबाट निर्माण कार्य गराएको छ । निर्माण कार्यको रु.१९५९६२३.४४ को मुल्यांकन गरी पालिकाले गो.भौ.८२/०८०-११-११ बाट रु.१७३६९९५।- भुक्तानी गरेको छ। यस्तो भुक्तानीमा पालिकाले Hoarding Board बापत रु.५०००।-, Unseen Items वापत रु.५०००।- र Electric Wiring Work बापत रु.१०,०००।- समेत जम्मा रु.२००००।- भुक्तानी गरेकोमा सोको बिल भरपाई, डिटेल नापी संलग्न गरेको देखिएन । तसर्थ पालिकाले भुक्तानी बराबरको बिल भरपाई,डिटेल नापी पेश गर्नुपर्ने अन्यथा उपभोक्ता समितिबाट यस्तो बिल भरपाई बेगरको भुक्तानी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००० |

१४ **कार्य स्वीकार प्रतिवेदनः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा निर्माण भएको कार्यको हकमा कम्तीमा नब्वे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा संचालनमा आएको अवस्था भएमा कार्य स्वीकार गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ ।पालिकाले नेपाल रा.आ.वि. चैनपुर भवन निर्माण(फिनिसिङ्ग)कार्यका लागि रु.३१०५५८०.०९।- को लागत अनुमान तयार गरी ई-बिडिङ्ग माफ्त न्युनतम कबोल गर्ने निर्माण व्यवसायी बिसमिल्लाह कन्स्ट्रक्सनसँग रु.२९१४४०४.५५ मा कार्यसम्पन्न गर्न मिति २०८०/११/१५ मा सम्झौता गरेको छ ।सोको मुल्यांकन रु.२५१५४८०.६९ को मात्र गरी गो.भौ.२८/०८१-३-२४ बाट रु.२५१५४८०.६९ भुक्तानी गरेको छ । निर्माण व्यवसायीले Bill of Quantity को ८६% मात्रको कार्य गरेकोमा पालिकाले मिति २०८१/३/१५ मा अन्तिम मुल्यांकन र कार्यस्विकार प्रतिवेदन जारी गरेको छ । पालिकाले न्युनतम 90% भौतिक प्रगति भए पश्चात मात्र कार्यस्विकार जारी गर्नु पर्नेमा ८६% मात्र निर्माण कार्यको मुल्यांकनमा कार्यस्विकार प्रतिवेदन जारी गरेको छ । साथै आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा संचालनमा आएको अवस्था समेत खुलाईएको देखिएन ।यसरी नियमावली अनुसार निर्धारित न्युनतम भौतिक प्रगति नहुँदै कार्य स्वीकार प्रतिवेदन जारी गर्नु नियम सम्मत देखिएन ।

१५ **बैक जमानत -**

सावजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको मान्य अवधी त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधीभन्दा कम्तीमा एक महिना वढी अवधीको हुनु पर्ने व्यवस्था छ ।पालिकाले देहायका आर्थिक वर्ष २०७९/८० को ठेक्काको म्याद ६ महिना थप गरेकोमा सो बराबरअनुसार त्रृटी सच्याउने अवधीसम्मको बैंक जमानत निर्माण व्यवसायीबाट म्याद थप भएको सक्कल जमानत प्रति प्राप्त गरेको देखिएन । तसर्थ पालिकाले देहायअनुसारको म्याद कायम रहेको बैंक जमानत निर्माण व्यवसायीबाट प्राप्त गरी त्रृटी सच्याउने अवधीसम्मको जमानत कागजात अध्यावधिक गरी राख्नु पर्दछ ।

| ठेक्का नं. | निर्माण व्यवसायी | सम्झौता मिति | अन्तिम म्याद | त्रृटी सच्याउने अवधी | बैक जमानत | बैंक जमानतको म्याद | जमानत रकम |
|---|---|---|---|---|---|---|---|
| १०/०७९-८० | राजेश्वर कन्स्ट्रक्सन | २०८०/२/२६ | २०८१/८/२४ | ०८२/९/२४ | NBL-GPF117850016 | २०८२/२/१५ | २१५६४२९।- |
| १३/०७९-८० | स्नेहा/ऊँ साई जे.भी. | २०८०/२/२४ | २०८१/८/२४ | ०८२/९/२३ | ADBL-PB074/0091/5550/23 | २०८२/२/२३ | ४००७५००।- |

१६ **परामर्स तथा डीपीआर खर्च :**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| गो भौ न मिति | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|---|
| १२५-२०८०/ ०७/ २३ | सिंगिहाइ नदीमा पक्की पुल निर्माण को डी.पी.आर. | इको टेक सिभिल कन्सल्टेन्ट्स १०७९०२२६१ | १४९९१८७ | १४९१६०० |
| ४-२०८०/ ०५/ २४ | Detail project Report (DPR) Preparation of Khanti khola Bridge खन्तिखोला पुलको डी पी आर निर्माण | Empirical Engineering Consultancy Pvt.Ltd.604287236 | १७२३२२० | १६३९३७० |
| ५-२०८०/ ०५/ २४ | Detailed Project Report DPR Preparation of Chainpur school and Janta Secondary School | Empirical Engineering Consultancy Pvt.Ltd.604287236 | ९४१९९९ | ९४१९९९ |
| २९३-२०८०/ १०/ २१ | Initial Environmental Examination (IEE) Preparation of Karajaniya Khola | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा लि ६०३५१७१६७ | ८३२५६६ | ८१५६६३ |
| जम्मा | | | ४९९६९७२ | ४८८८६३२ |

१६.१ **पेशागत दायित्वको बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ को ४ (क) मा खरिद परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम व्यहोर्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्याबिलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले माथि उल्लिखित सम्पूर्ण चार वटा परामर्श सेवा सम्वन्धी कार्यको लागि सम्झौता गरी रु. ४८८८६३२।- रकम भुक्तानी गरेकोमा परामर्श सेवा कार्यको ऐन नियममा भएको व्यवस्था बमोजिम पेशगत दायित्व बीमा गराएको देखिएन। कार्यालयले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

१६.२ **सोधभर्ना खर्च :** Bill of Quantity को reimbursable activity भित्र यातायात, यन्त्र उपकरण, स्टेशनरी लगातको रकम भुक्तानी गरेको भएतापनि त्यस्ता खर्च पुष्टि गर्ने बील भरपाइ बेगर एकमुष्ट भ्याट बीलको भरमा रकम भुक्तानी गरेको देखिन्छ। सोधभर्ना हुने खर्चको विल पेश गरि सोध भर्ना भुक्तानी गर्नुपर्दछ।

१६.३ **जिन्सी दाखिला नगरेको :** परमर्श दाताबाट पेश भएको सिंगिहाइ नदीमा पक्की पुल निर्माण को डी.पी.आर. प्रतिवेदन सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली मा दाखिला गरेको देखिएन। प्रतिवेदनको PAMS दाखिला गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ।

१७ **खरिदमा प्रतिस्पर्धाः**

सार्वजनिक खरिद ऐन,२०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रकृयामा प्रतिस्पर्धा, मितव्ययिता कायम गर्नुपर्ने उल्लेख छ । पालिकाले रोजगार सेवा केन्द्रको सुदृढीकरण कार्यक्रमका लागि यस वर्ष गो.भौ.११/०८०-११-३ बाट रु.१३०,०००।- र २५/०८१-३-२४ बाट रु.६९,९९८।- गरी जम्मा रु.१९९,९९८।- सुकम सप्लायर्सलाई १ थान डेस्टप कम्प्युटर, १ थान ल्यापटप र १ थान प्रिन्टर खरिद गरी भुक्तानी गरेको छ । पालिकाले उक्त सामान खरिदका लागि मौजुदा सुचीमा सुचिकृत नरहेको फर्म/ सप्लार्यसहरु क्रमशः MS Computer Traders Parsauni, IT Intel Computers Birgunj र Sukam Suppliers Kalaiya को कोटेशन संलग्न गरी खरिद गरेको छ। साथै यस्तो दररेट माग गरेको आधिकारिक पत्र समेत प्रेषित गरेको देखिएन । तसर्थ पालिकाले सोझै खरिद गर्दा मौजुदा सुचीमा सुचिकृत नरहेको फर्मसँग आधिकारिक पत्र बेगर खरिद गरेको कार्यले सार्वजनिक खरिदमा प्रतिस्पर्धा सिमित गरेको देखियो । पालिकाले खरिद कानुनको पुर्ण पालना गरी सार्वजनिक खरिदमा प्रतिस्पर्धा र मितव्ययीता कायम गर्नु पर्दछ ।

१८ **बायो ग्याँस प्लान्ट जडानः**

नविकरणीय उर्जा अनुदान निती, २०७८ को ११.५.१ मा घरायसी वायो प्लान्टहरुमा प्रतिप्लान्ट प्रति घरधुरी ६ घनमिटर क्षमता वा सो भन्दा बढी क्षमताको प्लान्टमा तराईको जिल्लामा रु.२८८००।– अनुदान दिने उल्लेख छ । पालिकाले यस वर्ष ६ घ.मी.क्षमताको बायोग्यास प्लान्ट निर्माणका लागि रु.८५,६५४।- को लागत अनुमान तयार गरी गो.भौ.नं.१३/०८०-११-३० बाट गहबा माई गोबर ग्यास कम्पनी प्रा.लि. बिरगंजलाई ७ वटा प्लान्ट निर्माण/जडान बापत जम्मा रु.५९२,७७३.८२ भुक्तानी गरेको छ । पालिकाले यसरी उल्लेखित कार्यबिधी विपरित अनुदान भुक्तानी गरेकोले यस्तो भुक्तानी नियमसम्मत मान्न सकिएन ।

| | |
|---|---|
| अनियमित भएको | ३,९१,१७३.८२ |

१९ **रितपूर्बकको कर बिजक –**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पुर्वक बेगरका कर वीजकको देहायका निर्माण व्यसायीबाट मु.अ.कर रु.५४९८६०.१० समेत रु.४८९४९८०.६८ निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| गोभौनं ./ मिति | भुक्तानी पाउनेको नाम | प्यान नं . | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर रकम |
|---|---|---|---|---|---|
| १९ / ०८१ - २ - १७ | नितेश कन्स्ट्रक्सन | ३०३२०२७४३ | मिति नलेखिएको | १४११६७९ | १५३४०२ . ५९ |
| २४ / ०८१ - ३ - १४ , १६६ / ०८१ - ३ - १४ | नितेश कन्स्ट्रक्सन | ३०३२०२७४३ | क्रेताको नाम , ठेगाना नलेखिएको | ३४८३३०१ . ६८ | ३९६४५७ . ५१ |
| | जम्मा | | | ४८९४९८० . ६८ | ५४९८६० . १० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४९,८६०.१ |

२० **शिर्षक फरक पारी खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सोही शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले नगर सभाबाट स्वीकृत भएको बजेट शीर्षक भित्र रही तोकिएको कार्यक्रममा खर्च गर्नु पर्दछ। सभाबाट स्वीकृत भएका केही कार्यक्रममा देहायका बजेट शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा रु ३०६१५१ खर्च गरेको छ। यसरी तोकिएको शीर्षकमा खर्च नगरी फरक प्रयोजनमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ र मिति | विवरण | खर्चलेखेको शिर्शक | हुनुपर्ने शिर्षक | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|---|
| ३७-२०८०/०६/१९ | बिजुलीको पोल सार्ने कार्य | पानी तथा विजुली | सार्वजनिक सम्पतीको मर्मत सम्भार | नेपाल विद्युत प्राधिकरण | २८५४६६ |
| ३७-२०८०/०६/१९ | विभिन्न स्थानमा धारा जडान को ज्याला भुक्तानी | विविध खर्च | सार्वजनिक सम्पतीको मर्मत सम्भार | उमेश प्रसाद साह | २०६८५ |
| जम्मा | | | | | ३०६१५१ |

२१ **वितरणमुखी खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणका क्रममा नमूना छनौटगरी श्रेस्ता परीक्षण गर्दा पालिकाले पालिका स्तर र वडा स्तरबाट बजेटको ब्यवस्था गरी रु. ९४२४७१ को सिरक, कम्बल, चापाकल लगायतका सामग्री खरिद गरी वितरण गरेको देखियो। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । पालिकाले राहत सामग्री वितरण गर्दा आवश्यकतामा आधारित भइ तत्काल राहत वितरण गर्नुपर्ने जोखिममा परेका ब्यक्ति समूहलाइ स्पष्ट कार्यविधी अपनाई वितरणलाइ

ब्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ।साथै वितरणमूखी कार्यक्रमलाई निरन्तरता दिनु भन्दा आर्थिक समाजिक जोखिम सम्भाव्य नागरिक लक्षित उत्पादनमूलक र रोजगारी सृजना हुने कार्यक्रममा रकम विनियोजन गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| **गो.भौ.नं./मिति** | **भूक्तानी पाउने** | **विवरण** | **समाग्री** | **संख्या** | जम्मा |
|---|---|---|---|---|---|
| ३४४-२०८०/११/०३ | सुमित एण्ड सुनिता सप्लायर्स | वडा न ७ मा चापाकल सेट वितरण | ट्युववेल हेड | १४ | ६९०६२ |
| | | | पी भी सी पाइप ४८ एम एम | ६८२ | १७११८२ |
| | | | १।५ जी आइ पाइप | १२ | ६२५२ |
| ३७६-२०८०/११/०३ | अल्फा मिलिनियम इण्डष्ट्रिज प्रा लि ६१०११५५१० | विपन्न असहायलाइ ब्ल्याङ्केट वितरण | कोरियन ब्ल्याङ्केट | १२७ | २६४७९५ |
| ४०१-२०८०/११/१७ | सुमित एण्ड सुनिता सप्लायर्स | वडा न ४ मा चापाकल सेट वितरण | | १७ | २५४५७५ |
| ५५७-२०८१/०२/२१ | अल्फामिलिनियम इण्डष्ट्रिज प्रा लि ६१०११५५१० | वडा न ७मा कम्बल वितरण | फाइबर सिरक | १४३ | १७६६०५ |
| जम्मा | | | | | ९४२४७१ |

२२ **गैर सरकारी संस्थासँग कार्य:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण सबलीकरण, मूलप्रवाहीकरणजस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि संघ र प्रदेश सरकारद्वारा जारी भएको मापदण्ड विपरित नहुनेगरी मापदण्ड बनाएर गर्नुपर्ने वा प्रदेश खर्च मापदण्ड निर्देशिका, बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारका तालिम तथा कार्यक्रम गैर सरकारी संस्थाबाट गराउँदा मधेश प्रदेश सरकारद्वारा जारी भएको प्रदेश खर्च मापदण्ड, २०७७ ले विभिन्न तालिम, गोष्ठी, सेमिनारको लागि निर्धारण गरेको नर्म्स भन्दा पनि बढी हुनेगरी मापदण्ड बनाई रु.५४८६५ खर्च लेखेको देखिन्छ ।यसरी प्रदेश खर्च मापदण्डले निर्धारण गरेको नर्म्स भन्दा विपरित कार्यविधि बनाई खर्च लेखेको असुल हुनुपर्ने रु.

| भौ. नं./मिति | भुक्तानी पाउने | कार्यक्रम | नर्म्स | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भूक्तानी |
|---|---|---|---|---|---|---|
| ७३-२०८०/०७/०१ | सामुदायिक तालिम केन्द्र प्रा लि ६०९५२९३३१ | न्यायिक समिति तालिम | अनुगमन भत्ता भरपाइ र प्रतिवेदन नभएको | | | १०,००० |
| | | | प्रतिवेदन २००० | २,००० | ११,८५५ | ८,३७७ |
| जम्मा | | | | | | १८,३७७ |
| १४४-२०८०/०८/१५ | जीवन साथी प्रा लि ६०१८६६५१९ | मेलमिलाप कर्ताको लागि पुनर्ताजगी तालिम कार्यक्रम | संयोजक ४०० | २,००० | १५,००० | ११,०५० |
| | | | कार्यालय सहयोगी २५० | ७५० | ४,५०० | ३,१८८ |
| | | | प्रतिवेदन प्रस्ताव लेखन २००० | २,००० | १०,००० | ६,८०० |
| | | | विविध ३००० | ३,००० | १०,००० | ६,८९५ |
| **जम्मा** | | | | | | **१४,२३८** |
| ५३९-२०८१/०२/१७ | दुबोस्किल डेभलप्मेण्ट प्रा लि ६१९७९२८२२ | न्यायिक समितिका लागि क्षमता बिकास तालिम कार्यक्रम | संयोजक ४०० | २,००० | ७,००० | ४,२५० |
| | | | विविध ३००० | ३,००० | २१,००० | १८,००० |
| जम्मा | | | | | | २२,२५० |
| कुल जम्मा | | | | | | ५४,८६५ |
| | | | | | असुल गर्नुपर्ने | ५४,८६५ |

२३ **राजश्व अनुमान तथा असुली :**

कर तथा शुल्क असुली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५,५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ।पर्सागढी नगरपालिकाले कर तथा गैर कर राजश्व लगाउन र उठाउन बनेको अर्थ सम्बन्धी ऐन, २०८० पारित गरी उल्लिखत कर तथा शुल्क उठाउने ब्यवस्था गरेकोमा ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
|---|---|---|---|
| अन्तरिकश्रोत | ११६३१२२०२. | ५७१६९९४७.९६ | ४९.१५ |
| ११३१४भुमिकर/मालपोत | १७२७४०९५.४८ | १६५९०७१.६५ | ९.६ |
| ११३१७वहाल कर | १२०००००. | ६१८२८५.८२ | ५१.५२ |
| ११३१८वहाल विटौरी कर | १३५०००००. | १०४४१००. | ७.७३ |
| ११६९१अन्य कर | २०००००. | ५०१७०७५. | २५०८.५४ |
| १४१५१सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १०००००. | १४११००. | १४१.१ |
| १४२२९अन्य प्रशासनिक सेवा शुल्क | ५००००००. | ३९९७५०. | ८ |
| १४२४२नक्सा पास दस्तुर | १२०००००. | ११०५४५.५६ | ९.२१ |
| १४२४३सिफारिश दस्तुर | १००००००००. | १४३८२७०. | १४.३८ |
| १४२४४व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००००. | ४६०४००. | ९२.०८ |
| १४२४५नाता प्रमाणित दस्तुर | ५०००००. | ८४,१५०.०० | १६.८२ |
| १४२४९अन्य दस्तुर | २५०००००. | २२३०५८. | ८.९२ |
| १४२५३व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७०००००. | १३,५३०.०० | १.९३ |
| १४३११न्यायिक दण्ड, जरिवाना र जफत | २०००००. | ० | ० |
| १४३१२प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०००००. | २७७५००. | ५५.५ |
| १४३१३धरौटी सदरस्याहा | २०००००. | २०००००. | १०० |
| १४५२९अन्य राजस्व | १२३९२३६३. | ० | ० |
| १४६११व्यवसाय कर | १०३३३१५. | ९०,४००.०० | ८.७५ |
| १५१११बेरूजू | १००००००. | २०५५००. | २०.५५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने गरेको पाइएकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

२४ **राजश्व बाँडफाँट :**

स्थानीय तहमा सङ्कलन हुने बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड हुनु पूर्व स्थानीय तह विभाज्यकोष खातामा जम्मा गरी स्थानीय तहले बाँडफाँड हुनुपर्ने राजश्व नियमानुसार स्थानीय तह सञ्चित कोषमा ६० प्रतिशत जम्मा गरेपछी बाँकी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अन्तरसरकारी वित्त ब्यवस्थापन ऐनको दफा ५ ले गरेको छ। पालिकाको आ.व. को अन्त्य सम्म पनि स्थानीय तह विभाज्य कोषमा रु. २०४४६२० रहेको देखिन्छ। बाँडफाट गरी सम्बन्धित सञ्चित कोषमा जम्मा पठाउनुपर्नेमा पठाएको छैन।ऐनमा ब्यवस्था भए बमोजिम यस्तो रकम बाँडफाँट गरी सम्बन्धित खातामा जम्मा गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,१७,८४८ |

२५ **वढी ग्रेडः**

पालिकाले शिक्षकहरुको राष्ट्रिय कितावखाना छाउनीवाट पारित तलवी प्रतिवेदन अनुसार तलव तथा ग्रेड खर्च लेख्नु पर्ने व्यवस्था छ। देहायका शिक्षकहरुलाई पाउने ग्रेड भन्दा वढी दरले निकासा दिएको देखिएकोले दशैं खर्च समेत १३ महिनाको ग्रेड रकम रु ३७८५६

असुल गर्नु पर्ने रु

| | | | | | |
|---|---|---|---|---|---|
| श्री नेपाल राष्ट्रिय मा वि वर्वा छटौली | | | | | |
| क्र सं | शिक्षकको नाम | ग्रेड दर | दिनुपर्ने | दिएको | १३ महिनाको वढी भुक्तानी |
| १ | श्री कृष्ण कुमार श्रेष्ठ | १४५६ | ५६७८४ | ७५७१२ | १८९२८ |
| श्री नेपाल राष्ट्रिय मा वि वहुअर्वा सिरा | | | | | |
| १ | श्री राम आशिष प्र यादव | १४५६ | ९४६४० | ११३५६८ | १८९२८ |
| | | | | जम्मा | ३७८५६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,८५६ |

२६ **निकासा अभिलेख खाताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले शिक्षकहरुको तलव निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु, दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा खाता खडा गरी राख्नु पर्नेमा सो गरेको देखिएन।यसवाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ।तसर्थ विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ।

२७ **निःशुल्क शिक्षाः**

नेपालको संविधान २०७२ को अनसुचि ८ अनुसार आधारभूत माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूचि अन्तर्गत रहेको देखिन्छ।अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को दफा २७ मा नीजि लगानीका विद्यालयले प्रारम्भिक वालविकास शिक्षादेखि १२ कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म,पाँचसय देखि आठ सय जनासम्म र आठ सय भन्दा वढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तिमा दश,वाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने व्यवस्था छ।शिक्षा नियमावली २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव,अपांग,महिला,दलित र जनजाति विद्यार्थीलाई छात्रवृति उपलव्ध गराउनु पर्ने व्यवस्था छ।यसर्थ पालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृति कार्यक्रम कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटवाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

२८ **विद्यालय संचालन तथा व्यवस्थापन अनुदानः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान प्रति विद्यालय वार्षिक रु १५०००, २०००० र ३०००० का दरले र विद्यालय सुधार योजना प्रति विद्यालय रु १५००० र २०००० का दरले र इन्टरनेट वापत रु १२००० का दरले ३० विद्यालयलाई रु १३३८००० अनुदान निकासा गरेको पाइयो।पालिकाले आर्थिक सुधार योजना तथा सामाजिक लेखापरीक्षण सम्वन्धी कागजातहरु स्रेस्तासाथ संलग्न गरेको देखिएन।तसर्थ उक्त प्रमाण कागजातहरु संलग्न गरी स्रेस्ता अद्यावधिक गर्नु पर्दछ।

२९ **शिक्षकको अभिलेखः**

शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा समन्वय अधिकारीको काम कर्तव्य र अधिकार सम्वन्धमा व्यवस्था गरिएको छ।जस अन्तर्गत वुंदा नं (झ) मा शिक्षा सेवा आयोगवाट नियुक्ति वा वढ्ढुवाको लागि शिफारिस भै आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले शिक्षकको दरवन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भइ आएका तथा गएका, सेवा निवृत भएका,विदामा रहेका ,नया नियुक्ति भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्वन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको वारेमा नियमावलीमा व्यवस्था भए वमोजिम अभिलेख तयार गरेको देखिएन।विद्यालय स्तरमा संचालन हुने कार्यक्रम

कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धी विवरण जिल्ला शिक्षा समन्वय इकाइवाट प्राप्त गरी सोही अनुसार खर्च लेख्नु पर्ने र विद्यालयवाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नु पर्ने र सोहि अनुसार निकासा दिनु पर्ने व्यवस्था छ।नियमावलीको उक्त व्यवस्था अनुसार अभिलेख पेश नभएकोले पालिकावाट विद्यालयहरुलाई निकासा भएको शिक्षकको तलव,पाठ्यपुस्तक,छात्रवृति लगायत अन्य निकासाको यथार्थता एकिन गर्न सकिएन।

३० **पाठ्यपुस्तकः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने, यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने गरेको विवरणका आधारमा यकिन गरी नपुग हने रकम मात्र थप २५ प्रतिशत अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको शुरुवातमै पूरा सेटमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलव्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। पालिका अन्तर्गतका ३० विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको रकम रु ४४२६८३६ निकासा गरेको पाइयो।यसरी निकासा गर्दा विद्यार्थीले समयमै पाठ्यपुस्तक पाए नपाएको सम्वन्धमा पालिका वाट अनुगमन गरी पाठ्यपुस्तक उपलव्धताको सुनिश्चितता गर्नु पर्दछ।

३१ **दिवा खाजाः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार IEMIS मा भएको प्रारम्भिक वालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु १५ का दरले पहिलो त्रैमासिक वजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिकदेखि विद्यालय पूरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा वापत विभिन्न गो भौ नं वाट रु ७०२०१३५ निकासा गरेको छ।यसरी रकम निकासा गर्दा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ ले तोकेको प्रक्रिया पूरा गरी खाजा उपलव्ध गराएका विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपछि मात्र अनुदान दिने र प्रत्येक पटक रकम निकासा गर्दा उक्त समय भन्दा अघि निकासा भएको रकम सदुपयोग भए नभएको सुनिश्चित गरी निकासा दिनु पर्ने तथा वालवालिकालाइ दिवा खाजा खुवाउदा स्थानीय कृषकसंग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण र विल भरपाइ विद्यालय व्यवस्थापन समिति र खाजा व्यवस्थापन उपसमितिवाट अनुमोदन गर्नु पर्नेमा सो भएको देखिएन साथै विद्यालयमा गुणस्तरीय दिवा खाजा कार्यक्रम संचालन भए नभएको विषयमा पालिकाले अनुगमन गर्नु पर्ने र सोमा केहि कैफियत देखिए समाधानको उपाय सहित राय सुझाउ सहितको प्रतिवेदन दिनु पर्नेमा सो भए गरेको देखिएन जसले गर्दा दिवा खाजा वापत खर्च भएको रकम सदुपयोग भएको सम्वन्धमा एकिन गर्न सकिएन ।

३२ **कृषि अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, वालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलव्ध गराउने कार्यक्रमवाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनको समेत स्रोत साधनको संलग्नतामा संचालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहवाट समेत तर्जुमा भएको देखिन्छ।सोहि वमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पर्सागढी नगरपालिकावाट रु ८९०७०८ खर्च भएको देखिन्छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम पालिकाको वेभसाइटवाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

| भौ नं मिति | अनुदानको किसिम | विवरण | रकम |
|---|---|---|---|
| २६४।३।१६ | मकै वाली प्रवर्द्धन | ५० प्रतिशत अनुदान | ४२१८७५ |
| २७१।३।१७ | धान वाली पकेट विकास कार्यक्रम | ५० प्रतिशत अनुदान | १०६००० |
| २७२।३।१७ | धान वाली कार्यक्रम | ५० प्रतिशत अनुदान | ६६३५० |
| २७३।३।१७ | मकैवाली प्रवर्द्धन कार्यक्रम | ५० प्रतिशत अनुदान | १२३९८३ |
| २७५।३।१७ | धान वाली पकेट विकास कार्यक्रम | ५० प्रतिशत अनुदान | १२३७५० |
| ३१७।३।२४ | धान वाली पकेट विकास कार्यक्रम | ५० प्रतिशत अनुदान | ४८७५० |
| | | जम्मा | ८९०७०८ |

स्थानीय तहले यस अनुदान कार्यक्रम अन्तर्गत आपूर्तिकर्ताले उन्नत विउको आपूर्ति तथा वितरण प्रक्रिया एवं विउको गुणस्तर लगायतका विषय तथा वास्तविक कृषकले अनुदान पाए नपाएको अनुगमन गरी सम्वन्धित निकायमा प्रगति विवरण पठाउनु पर्नेमा सो गरेको देखिएन।

३३ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा संचालन गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वडामा ९ योजना संचालन गरी यस वर्ष सूचिकृत ४५५ मध्ये ५७ जनालाई औसत ४८ दिनले ४१४० दिन रोजगारी उपलव्ध गराई प्रति दिन ६८८ का दरले रु २८४८६८६ श्रमिक ज्याला खर्च गरेको छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्वन्धमा स्पष्ट हुन सकिएन।योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नु पर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सृजना भएको देखिदैन।योजना अनुगमन प्रतिवेदनमा गाँउपालिका स्तरीय अनुगमन समितिका पदाधिकारीहरुले दस्तखत गरेको तर निर्माण तथा कार्यको विवरण तथा प्रगति स्थितिवारे कैफियत उल्लेख गर्ने गरेको देखिएन। तसर्थ कार्यक्रम संचालन निर्देशिका वमोजिम व्यवस्थित तवरले कार्य संचालन गर्नु पर्दछ।

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ५८९६४६५२.६७ मौज्दात रहेकोमा म.ले.प.फा.नं.२७० (प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिबेदन) अनुसारको मौज्दात रु. ५६९६७८१९.५८ देखिन्छ। पालिकाले यस आ.व. मा म.ले.प.फा.नं.२७० अनुसारकै रु. ५६९६७८१९.५८ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १९९६८३३ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | १९,९६,८३३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पर्सागढी नगरपालिका, पर्सा , पर्सागढ़ी गाउँपालिका , पर्सा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरि किशोर प्रसाद चन्द्रबंसी | २०८१-१-२३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | छवी रमण भट्टराई | २०८०-४-१ | २०८०-११-३० |
| कार्यालय प्रमुख | राम दत्त भट्ट | २०८०-१२-१ | २०८१-१-३ |
| लेखा प्रमुख | श्याम नारायण भगत माली | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८३३,७६०.६७ | ३९१,१७३.८२ | १३,६३३,९२२.६१ | ० | ० | ९४१,६०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १५,८००,४५७.१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १२,२२३,७१४.५१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | १,९९६,८३३ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५,५७३,५७५.५९ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५६९६७८२० | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७६८४२३८६ | चालु खर्च | २७७४१५२८० |
| प्रदेश सरकारबाट अनुदान | ११६९३४०३ | पूँजीगत खर्च | १५८७७४५०४ |
| राजश्व बाँडफाँट | १०९९५००४३ | वित्तीय/अन्य व्यवस्था | १०८३०९५४ |
| आन्तरिक आय | १४७९८६२६ | | |
| अन्य आय | २११८१४९९ | | |
| कुल आय | ४३४४६५९५७ | कुल खर्च | ४४७०२०७३८ |
| बाँकी मौज्दात | | ४४४१३०३९ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।